# न्याय परिषद् सचिवालय

रामशाहपथ, काठमाडौं

पत्र संख्या : ०७६।७७

चलानी नं. : ३४३

| | | |
|---|---|---|
| सचिव | : | ४२००७७८ |
| सह-सचिव (प्रशासन) | : | ४२००७८१ |
| सह-सचिव (उजुरी) | : | ४२००७८२ |
| कार्यालय | : | ४२००७७५ |
| | : | ४२००७७६ |
| | : | ४२००७७७ |
| फ्याक्स | : | ४२००७७९ |

न्याय परिषद् सचिवालय २०४८

मिति : २०७६।११।१५

विषय : जानकारी गराई दिने सम्बन्धमा ।

महान्यायाधिवक्ताको कार्यालय
मूल दर्ता नं. १०८४१
दर्ता मिति ११/१६

श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं ।

श्री कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।

उपरोक्त सम्बन्धमा न्याय सेवा आयोगको मिति २०७६।११।१२ मा वसेको बैठकले भौगोलिक क्षेत्रको रुजु हाजिरको सम्बन्धमा र आगामी वढुवाको दरखास्त पेश गर्दा पुर्याउनु पर्ने रितका सम्बन्धमा देहाय बमोजिम निर्णय गरेको हुँदा सम्बन्धित सरोकारवालाहरूलाई सो सम्बन्धी जानकारी गराइ दिनुहुन निर्देशानुसार अनुरोध छ ।

१. निजामती सेवा ऐन, २०४९ को दफा २४ ग. (४) बमोजिम भौगोलिक क्षेत्रको अंकको गणना गर्ने प्रयोजनका लागि देहाय बमोजिमको काज र बिदालाई सो क्षेत्रमा रुजु हाजिर रहेको मानी गणना गर्ने:
   (क) उम्मेदवारले सम्वन्धित अदालत वा कार्यालयमा कार्यरत रहँदा पकाएको घर बिदा र विरामी विदा,
   (ख) भैपरी/पर्व विदा, किरिया विदा, प्रसुती विदा, सार्वजनिक विदा,
   (ग) प्रादेशिक मुकाममा वर्षको वढीमा १५ दिन सम्म र केन्द्रीय मुकाममा वर्षको बढीमा १५ दिन सम्मको काज र सम्वन्धित जिल्लाभित्रको काज।

२. आगामी वढुवाको विज्ञापन गर्दा सवै दरखास्तवालाहरुले “घ” वर्गमा वसेको बाहेक अन्य वर्गको भौगोलिक क्षेत्रमा काम गर्दाको हाजिरीको प्रमाणित प्रतिलिपी बढुवाको दरखास्त पेश गर्दा नै सामेल गर्नुपर्ने गरी सूचनामा उल्लेख गरी प्रकाशित गर्ने ।

टेकनाथ गौतम

उप-सचिव